महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज ,दैलेख
कर्णाली प्रदेश नेपाल
(शिक्षा युवा तथा खेलकुद शाखा)
Website: www.mahabumun.gov.np
Email: info@mahabumun.gov.np

प.स.- २०८२/०८३
च.न.:- ९१

मितिः२०८२।०५।०८

**विषयः विपन्न लक्षित छात्रवृतिको लागि फाराम भराउने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय सबै,
महावु गाउँपालिका दैलेख ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.१५ मिति २०८२।०५।०५ गतेको प्राप्त पत्र अनुसार विपन्न लक्षित छात्रवृति व्यवस्थापन मापदण्ड २०८० को दफा ७ को उपदफा १(क) अनुसार सामुदायिक विद्यालयमा चालु शैक्षिक सत्र २०८२ मा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरुको लागि आ.व २०८२।०८३ मा छात्रवृति वितरण गर्ने प्रयोजनार्थ अनुसूचि १अनुसार Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयबाट मिति २०८२।०६।१८ गते भित्र तपसिल बमोजिम भर्न भराउने व्यवस्था गर्न हुन अनुरोध छ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

**१) PMT फाराम भर्ने भराउने प्रक्रियाको लागिः**

- एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrate Educational Management Information System-IEMIS) को वेबसाइट https://emis.cehrd.gov.np मा गइ विद्यालयहरुले आफ्नो IEMIS लगइन गरी दायाँ तर्फको कर्नरमा रहेको ड्रपडाउन आइकनमा क्लिक गरी डाउनलोडमा गई PMT फारम डाउनलोड गर्ने ।
- PMT फाराम विद्यालयले प्रिन्ट गरी चालु शैक्षिक सत्र २०८२ मा कक्षा ५ र ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावक लाई उपलव्ध गराउनु पर्नेछ ।

Website: www.mahabumun.gov.np
Email: info@mahabumun.gov.np

प.स.- २०८२/०८३
च.न.:-

- सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लेखित सम्पूर्ण सूचकहरु सहि ढंगले भरी आफ्नो अभिभावक बाट समेत प्रमाणित गराइ प्रधानाध्यापक समक्ष पेश गर्नुपर्नेछ ।
- सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेश भएको फाराम प्रधानाध्यापकले रुजु र सहि छाप गरि स्थानीय तहमा प्रमाणिकरणको लागि पेश गर्नुपर्नेछ ।
- माथि उल्लेखित प्रक्रिया पुरा गरी प्राप्त भएका PMT फारामहरु शिक्षा तथा मानव स्रोत केन्द्रको वेबसाइट emis.cehrd.gov.np मा गई विद्यालयको IEMIS मा लगइन गरी सम्पूर्ण सूचकहरु भर्नु भराउनु पर्ने छ ।

**२. IEMIS मा PMT फाराम प्रविष्टी गर्ने सम्बन्धमा ।**

- एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली emis.cehrd.gov.np बाट विद्यालयको IEMIS लगइन गरी Dashboard मा रहेको EIE/PMT/UMS मेनुमा जानुहोस् ।
- EIE/PMT/UMS भित्र रहेको PMT मेनुमा जानुहोस् । त्यसपछि बर्षमा २०८२ कक्षामा ५ वा ८ छान्नुहोस् र Load थिच्नुहोस् ।
- PMT फारम भरेको विद्यार्थीको नामको दायाँ तर्फ रहेको Action मा थिच्नुहोस् । PMT फारम खुल्ने छ । त्यसपछि विद्यार्थीको प्रमाणित PMT फाराममा उल्लेखित सम्पूर्ण विवरण System मा प्रविष्ट गर्नुहोस्।
- PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्नुपर्नेछ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत